# परिशिष्ट च

## मोरङबाट प्रकाशित बुलेटिनको सूची[२४]

१ ***नेपाली काँग्रेस चुनाव चिन्ह बुलेटिन*** - सम्पादक अनुल्लिखित, प्र. नेपाली काँग्रेस प्रचार विभाग, मोरङ, प्रकाशन ११ पुस २०१५ ।

२ ***मजदूर बुलेटिन*** - सम्पादक अनुल्लिखित, प्र. मोरङ यातायात मजदूर युनियन, प्रकाशन मिति- १६ साउन २०१६।

३ ***विराटनगर मजदूर सभाको बुलेटिन*** - सम्पादक अनुल्लिखित, प्र. विराटनगर मजदूर सभा प्रचार विभाग ।

४ ***शान्ति बुलेटिन*** - सं. डी.पी. अधिकारी, प्र. थाहा नभएको, प्रकाशन नोभेम्बर, १९४९ ।

५ ***मोरङ युवक संस्कृति समिति समारोह बुलेटिन*** - सम्पादक/प्रकाशकको नाम नभएको, प्रकाशन मिति थाहा हुन नसकेको ।

६ ***औलो उन्मूलन*** - सम्पादक अनुल्लिखित, प्र. नेपाल औलो उन्मूलन सङ्घ, पूर्वाञ्चल, प्रकाशन माघ २०२४, जम्मा तीन अङ्क प्रकाशित ।

७ ***मोरङ समाचार*** - सुरुका अङ्कमा सम्पादकको नाम नभए पनि पछिल्ला अङ्कहरूमा सम्पादक तारिणीप्रसाद कोइरालाको नाम उल्लेख, प्र. नेपाली काँग्रेस, सङ्ख्या ४, २७ मई १९५३ मा प्रकाशित, वर्ष १ सङ्ख्या २६, २ अगस्त १९५३ सम्म देखिएको ।

८ ***बहुदलीय जनमत सङ्ग्रह अभियान समिति*** - सम्पादकको नाम अनुल्लिखित, प्र. बहुदलीय जनमत सङ्ग्रह अभियान समिति, प्रचार उपसमिति, विराटनगर, पहिलो अङ्क २६ साउन २०३६ मा प्रकाशित, भाषा नेपाली, साप्ताहिक ।

९ ***पूर्वाञ्चल जनमत सङ्ग्रह बुलेटिन*** - सम्पादकको नाम अनुल्लिखित, प्र. जनवादी एकता मोर्चा, विराटनगर, प्रकाशन मिति उल्लेख नभए पनि प्रकाशित सामग्री हेर्दा २०३६ भाद्रको दोस्रो सातामा पहिलो अङ्क निस्केको अनुमान, पाक्षिक ।

१० ***इन्किलाब*** - सं. प्र. नेपाल विद्यार्थी सङ्घका लागि बहुदलीय साहित्यिक प्रचार अभियान उपसमिति, मोरङ, पहिलो अङ्क २० भाद्र, २०३६ मा प्रकाशित, भाषा- नेपाली, मूल्य ५० पैसा, पाक्षिक ।

११ ***समाचार बुलेटिन*** - सं. बलराम नेउपाने, प्र. निर्दलीय जनमत सङग्रह युवा पंच कार्यालय, विराटनगर, जम्मा एक अङ्क २१ भदौ २०३६ मा प्रकाशित ।

---

[२४] यस सूचीमा बुलेटिनको क्रम प्रकाशन मितिअनुसार कायम गरिएको छ ।

१२ ***पंचको आवाज*** - सं. बद्रीप्रसाद पहाडी, प्र. निर्दलीय जिल्ला पंच भेला समिति, मोरङ, पहिलो अङ्क ९ कात्तिक २०३६ मा प्रकाशित, मूल्य ३५ पैसा ।

१३ ***नमस्कार*** - सं. शर्मानन्द चौधरी, प्र. आठौं राष्ट्रिय महाधिवेशन नेपाल जेसीज १९८१, पहिलो अङ्क ५ पुस २०३८ मा प्रकाशित, महाधिवेशन समाचार बुलेटिन (सहभागीहरूका लागि मात्र), निःशुल्क वितरित, लिथोद्वारा प्रकाशित, पछि विराटनगर जेसीजको प्रकाशकत्वमा श्यामकुमार अधिकारी, हेमराज रेग्मी र मूलचन्द तापडियाको सम्पादनमा जेसीज समाचार बुलेटिनका रूपमा प्रकाशित, पछिल्लो बुलेटिनको सम्पादक संदीपदास श्रेष्ठ (सन् २००१) ।

१४ ***रेडक्रस बुलेटिन*** - सम्पादकद्वय हरि निरौला र सुश्री मीना जोशी, प्र. नेपाल रेडक्रस सोसाइटी, मोरङ शाखा ।

१५ ***पूर्वाञ्चल विद्युत कार्पोरेशन बुलेटिन*** - सम्पादक मण्डलका अध्यक्ष सन्तबहादुर पुन, प्र. पूर्वाञ्चल विद्युत कार्पोरेशन, केन्द्रीय कार्यालय, विराटनगर, पहिलो अङ्क २०३८ कात्तिकमा प्रकाशित, निःशुल्क वितरित ।

१६ ***युवा-अठोट*** - सं. प्रमोद प्रधान, प्र. प्रचार प्रसार उपसमिति, अन्तर्राष्ट्रिय युवा वर्ष १९८५, जिल्ला सहयोग तथा समन्वय समिति, मोरङ, पहिलो अङ्क जनवरी-जुन १९८५ र दोस्रो अङ्क जुलाई-डिसेम्बर, १९८५ मा प्रकाशित भै बन्द, निःशुल्क वितरित ।

१७ ***युवा अभियान बुलेटिन*** - सम्पादक मण्डल किशोर विश्वकर्मा, प्रह्लादप्रसाद साह र सन्तोष रिजाल, प्र. नेपाल परिवार नियोजन सङ्घ, मोरङ शाखा, युवा उपसमिति, पहिलो अङ्क वैशाख २०४२ मा प्रकाशित, मूल्य रु.१।-, मासिक भनिएपनि मासिक रूपमा प्रकाशित नभएको ।

१८ ***सन्दर्भ*** - प्रधान सम्पादक हेमराज रेग्मी, प्र. राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल, मोरङ शाखा, पहिलो अङ्क भदौ २०३९ मा प्रकाशित, मूल्य अनुल्लिखित, मासिक, जम्मा तीन अङ्क प्रकाशित भै बन्द, पृष्ठ सङ्ख्या चार ।

१९ ***व्यापार प्रवर्द्धन समाचार सेवा*** - सं. अनुल्लिखित, प्र. व्यापार प्रवर्द्धन केन्द्र, क्षेत्रीय कार्यालय, विराटनगर, सुरुमा विना दर्ता प्रकाशित, पछि मो.जि.का.द.नं. १४।०३८-३९ मा दर्ता भै प्रकाशित हुन थालेको, सुरुमा लिथो गरी प्रकाशन गर्ने गरिएकोमा पछि छापाखानामा मुद्रित भै निस्कने गरेको, मासिक भनिएकोमा पछि त्रैमासिक रूपमा प्रकाशन, निशुल्क वितरित, २०३३ सालपछि निस्कन प्रारम्भ, हाल "पूर्वाञ्चल क्षेत्रीय व्यापार प्रवर्द्धन समाचार सेवा"को नामबाट प्रकाशन भैरहेको, २०५९ साउन-कात्तिकको अङ्कमा वर्ष २७, अङ्क १ उल्लिखित ।

२० ***नेपाल होमियोप्याथिक चिकित्सा बुलेटिन*** - प्रधान सम्पादक डा. जीवन प्रकाश, प्र. नेपाल होमियोपैथिक चिकित्सक सङ्घ, पहिलो अङ्क २०५१ सालमा प्रकाशित, महिना थाहा हुन नसकेको, भाषा नेपाली र अङग्रेजी, २०५९ असारसम्म १८ अङ्क प्रकाशित, निःशुल्क वितरित ।

२१ ***सामुदायिक समाचार*** - सं. पवनकुमार अधिकारी, प्र. सामुदायिक विकास सेवा केन्द्र, मो.जि.का.द.नं. १०८।०५३-५४, पहिलो अङ्क प्रकाशित हुँदा दर्ता नभएको, २०५९ को मङ्सिर-चैतमा क्रमाङ्क-३९ प्रकाशित, प्रकाशक सामुदायिक विकास प्रयास नेपाल, सम्पादकद्वय पवनकुमार अधिकारी र भुवन नेउपाने सुरुमा द्वैमासिक भएकोमा हाल चौमासिक रूपमा नियमित प्रकाशित, संस्थाको गतिविधि छाप्ने उद्देश्यले प्रकाशित, आठ पृष्ठ ।

२२ ***अन्तर्ध्वनि*** - प्रकाशन संयोजक विजयहरि शर्मा, प्र. नेपाल निजामती कर्मचारी सङ्घ, जिल्ला कार्य समिति, मोरङ, जम्मा एक अङ्क २०५३ भदौ असोज कात्तिकमा प्रकाशित, त्रैमासिक बुलेटिन भनिएको ।

२३ ***नेपाल माहेश्वरी*** **-** पहिलो अङ्कको सम्पादक थाहा नभएको, प्र. नेपाल माहेश्वरी परिषद्, दर्ता नभएको, भाषा हिन्दी, वर्ष ३ अङ्क ४, २०५९ साउन-असोजमा प्रकाशित, सो अङ्कको सम्पादक गंगाविशन राठी, त्रैमासिक बुलेटिन भनिएको, पहिलो अङ्क सम्भवतः २०५६ मा प्रकाशित ।

२४ ***पूर्वाञ्चल विश्वविद्यालय बुलेटिन*** **-** सं. दधिराज सुवेदी, प्र. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर, मो.जि.का.द.नं. १२४।०५६-५७, पहिलो अङ्क २०५७ चैतमा प्रकाशित, विश्वविद्यालयको गतिविधिमा केन्द्रित, हालसम्म २२ अङ्क प्रकाशित ।

२५ ***बालसौगात*** **-** सम्पादन समूह केदार सुवेदी, नवराज लुइँटेल र सीता पौडयाल, प्र. नेपाल बाल संरक्षण केन्द्र, विना दर्ता प्रकाशित, पहिलो अङ्क २०५६ मा प्रकाशित, वर्ष ४ अङ्क ४, २०५९ मा प्रकाशित अङ्कको सम्पादक मेघनारायण श्रेष्ठ र प्रह्लाद सुवेदी, बाल अधिकार र संरक्षणको निम्ति प्रतिबद्ध भनिएको, सम्पादन समूह अङ्कै पिच्छे परिवर्तन ।

२६ ***खबरखाबर*** **-** सं. यज्ञ शर्मा, प्र. क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विना दर्ता प्रकाशित, पहिलो अङ्क सन् २००० को प्रारम्भमा निस्किएको, चार अङ्क निस्केर बन्द, केन्द्रका गतिविधिका समाचारको प्रकाशन हुने गरेको ।

२७ ***हाम्रो पर्यावरण*** **-** प्रधान सम्पादक दीपक दाहाल, प्र. वातावरण तथा भौतिक पूर्वाधार विकास समाज-एप्स नेपाल, पहिलो अङ्क २०५७ वैशाख-असारमा प्रकाशित, दर्ता नभएको, त्रैमासिक ज्ञानवर्द्धक र चेतनामूलक बुलेटिन भनिएको, हालसम्म तीन अङ्क प्रकाशित ।

२८ ***जिल्ला विकास बुलेटिन*** **-** सम्पादक मण्डल नूतनराज चापागाईं, सरोज गौतम, लीलाराज लिम्बू, रामगोपाल गड्तौला र महेन्द्र खड्का, प्र. जिल्ला विकास समितिको कार्यालय, मोरङ, दर्ता नभएको, चौमासिक, पहिलो अङ्क २०५७ भदौ-मङ्सिरमा प्रकाशित, नियमित रूपमा प्रकाशित भैरहेको ।

२९ ***झी बुलेटिन*** **-** सम्पादक जीवेश्वरलाल लाखे, प्र. झी पुचः (नेपाल भाषा तथा सांस्कृतिक सङ्घ) विराटनगर, १२ कात्तिक २०५७ मा एक अङ्कमात्र प्रकाशित पृष्ठ-१२, भाषा नेपाली र नेवारी, मूल्य अनुल्लिखित ।

३० ***मोरङ गतिविधि*** **-** सूचना तथा सञ्चार उपसमिति (संयोजक सन्तनु रेग्मी), प्र. नेपाल परिवार नियोजन सङ्घ, मोरङका लागि सूचना तथा सञ्चार उपसमिति, दर्ता नभएको, पहिलो अङ्क चैत २०५८ मा प्रकाशित ।

३१ ***बालअभिव्यक्ति*** **-** सम्पादन समूह उषा सिग्देल, अन्जु के.सी., नवीन भट्टराई, विश्व आले, रोशन सिराल र बबिता भट्टराई, प्र. सिपिसि- नेपाल, विराटनगर, दर्ता नभएको, दोस्रो अङ्क २०५९ मा प्रकाशित, महिना अनुल्लिखित, बालबालिकाहरूको लागि बालबालिकाहरूको नै लेखरचना समावेश गरी बालबालिकाको नै सम्पादनमा प्रकाशित बाल अभिव्यक्ति ।

३२ ***औद्योगिक जानकारी*** **-** सं. शिवशंकर अग्रवाल, प्र. उद्योग सङ्गठन मोरङ, दर्ता नभएको, पहिलो अङ्क माघ २०५९ मा प्रकाशित, भाषा नेपाली र अङ्ग्रेजी ।